


# RTD को प्रणालीव्यापी भाडा अध्ययन र समानताको विश्लेषण

RTD भनेको डेन्भर मेट्रो क्षेत्रको सार्वजनिक यातायात प्रदायक हो। भाडा महँगो र द्‌विविधाजनक छ भनी ग्राहकहरूले दिएको पृष्ठपोषणमा प्रतिक्रियामा जनाउँदै, RTD ले आफ्नो भाडा थप **न्यायोचित**, **वहनीय** र **सरल** बनाउनका लागि प्रणालीव्यापी भाडा अध्ययन र समानताको विश्लेषण लन्च गऱ्यो। RTD ले आफ्नो भाडामा सिफारिस गरेका परिवर्तनहरू हेर्नुहोस्!

## भाडा अध्ययनका सिफारिसहरू

### पूरा भाडाको नयाँ संरचना

सिफारिस गरिएको पूरा भाडाको संरचनामा **सबै ग्राहकहरूको भाडा कम गरिएको छ** र **क्षेत्रीय भाडा हटाइएको छ।**

| | हालको पूरा भाडा | | | सिफारिस गरिएको पूरा भाडा | |
|---|---|---|---|---|---|
| | स्थानीय | क्षेत्रीय | विमानस्थल | मानक (स्थानीय/क्षेत्रीय) | विमानस्थल (SkyRide/A Line) |
| **3-घण्टा** | $3.00 | $5.25 | $10.50 | $2.75 | $10 |
| **दिन** | $6.00 | $10.50 | | $5.50 | |
| **मासिक** | $114 | $200 | | $88 | |

- डेन्भर अन्तर्राष्ट्रिय विमानस्थलसम्म जान र त्यहाँबाट आउनका लागि (A Line वा SkyRide मा) लागत $10 हुने छ
- RTD सेवा क्षेत्रमा सबै अन्य यात्राहरूको लागत 3-घण्टाको पासका लागि $2.75 वा दिनभरिको पासका लागि $5.50 हुने छ
- मासिक पास भएका ग्राहकहरू $88 मा विमानस्थलसम्म जान र त्यहाँबाट आउन वा जताततै घुम्न सक्ने छन्

### भाडा छुटको नयाँ संरचना

RTD ले 65 वर्ष वा बढी उमेरका वयस्क, अपाङ्गता भएका व्यक्ति, Medicare प्रापक र कम आय भएका व्यक्तिहरू ("LiVE") लाई लागि छुट भाडा उपलब्ध गराउँछ। सिफारिस गरिएको छुट भाडा संरचनाले **छुट पाउने ग्राहकहरूका लागि भाडा घटाउँछ** र **सबै भाडाहरूलाई संयोजन गर्छ**। यसो गरिँदा **छुट भाडाहरू प्रयोग गर्ने सबै वयस्कहरूले कुनै पनि यात्राका लागि एउटै मूल्य तिर्छन्।**

| | हालको भाडा छुट<br>*65 भन्दा बढी उमेरका मानिसहरू, असक्षमता भएका, Medicare भाडा प्रापक / LiVE भाडा* | | | सिफारिस गरिएको भाडा छुट |
|---|---|---|---|---|
| | स्थानीय | क्षेत्रीय | विमानस्थल | स्थानीय, क्षेत्रीय र विमानस्थल |
| **3-घण्टा** | $1.50 **/** $1.80 | $2.60 **/** $3.15 | $10.50 **/** $6.30 | $1.35 |
| **दिन** | $3.00 **/** $3.60 | $5.25 **/** $6.30 | | $2.70 |
| **मासिक** | $57 **/** $68.40 | $99 **/** $119.70 | | $27 |



- छुट भाडा प्रयोग गर्ने वयस्कहरू छुट भाडा मूल्यमा विमानस्थलसहित *जुनसुकै गन्तव्यसम्म* यात्रा गर्न सक्छन्
    - 3-घण्टे पासको लागत $1.35 हुने छ र डे पासको लागत $2.70 हुने छ (पूरा भाडामा 50% छुट)
    - मासिक पासको लागत $27 (पूरा भाडामा 70% छुट) हुने छ

## LiVE आम्दानीमा आधारित छुट कार्यक्रमको विस्तार

कम आय भएका थप ग्राहकहरू सिफारिसअनुसार LiVE आयमा आधारित छुटका लागि योग्य हुने छन्। विशेषगरी, RTD ले निम्न कुरा सिफारिस गर्छ:

- RTD सीमाभित्र ठेगाना हुनु पर्ने हालको आवश्यकता हटाउने
- LiVE छुट योग्यताका लागि घरपरिवारको आयको थ्रेसहोल्ड बढाउने। नयाँ सिफारिसअन्तर्गत, चार जना सदस्य रहेको परिवारले $75,000 वा कम घरायसी आम्दानी गर्न सक्छ र LiVE छुटका लागि योग्य ठहरिन सक्छ

Access-a-Ride (एक्सेस-अ-राइड) ग्राहकहरू पनि LiVE छुट Access-a-Ride (एक्सेस-अ-राइड) भाडाका लागि योग्य हुने छन्।

## युवा तथा विद्यार्थी कार्यक्रमहरू

यो सिफारिसले युवा तथा विद्यार्थीहरूलाई पनि ट्रान्जिट थप वहनीय बनाउँछ।

- 5 वर्ष वा कम उमेरका सबै बालबालिका भाडा भुक्तानी गर्ने वयस्कसँग (प्रति वयस्क 3 जना बालबालिका) साथमा रहेर पहिले नै निःशुल्क यात्रा गरिरहेका छन्
- 19 वर्ष र सोभन्दा कम उमेरका युवाहरू Zero Fares for Youth (युवाका लागि शुन्य भाडा) एक वर्षे पाइलट कार्यक्रमअन्तर्गत निःशुल्क यात्रा गर्ने छन्
- सामुदायिक कलेज, प्राविधिक स्कुल वा अन्य कलेज तथा विश्वविद्यालयहरूमा अध्ययन गर्ने र CollegePass (कलेजपास) मा नामाङ्कन नगरेका विद्यार्थीहरू $70 प्रति महिना SemesterPass (सेमेस्टरपास) का लागि योग्य ठहरिन्छन्



## तपाईं RTD ले यी सिफारिसहरू आधिकारिक बनाओस् भन्ने चाहनुहुन्छ?

आफ्ना विचारहरू हामीलाई मे 22 भित्र dani.mclean@rtd-denver.com मा इमेल गरेर सेयर गर्नुहोस् वा कार्यक्रममा सामेल भएर वा farefeedback.rtd-denver.com मा गएर थप जान्नुहोस्। **अनुरोध गरिएको खण्डमा अनुवादन र दोभासे सेवाहरू उपलब्ध छन्।**